लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : २ मिति : २०८०-०३-३०

(भाग —१)

# लेटाङ नगरपालिका

लेटाङ नगरपालिकाको खानेपानी व्यवस्थापन गर्न बनेको खानेपानी ऐन, २०८०

लेटाङ नगरपालिका, लेटाङ

# लेटाङ नगरपालिकाको खानेपानी व्यवस्थापन गर्न बनेको खानेपानी ऐन, २०८०

नगर सभाबाट स्वीकृत मितिः २०८०।०३।१०

प्रमाणीकरण मितिः २०८०।०३।३०

**प्रस्तावना:**

स्वच्छ तथा गुणस्तरीय खानेपानी सेवा प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी स्वच्छ तथा गुणस्तरीय खानेपानी सेवा सहज एवम् दिगो रुपमा उपलब्ध गराउने सम्वन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२१ को अधिकार प्रयोग गरी २२६ बमोजिम लेटाङ नगरपालिकाको १३ औं नगर सभाले लेटाङ नगरपालिकाको खानेपानी ऐन, २०८० जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम "लेटाङ नगरपालिकाको खानेपानी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा ३८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ।

(ख) "अनुमतिपत्र प्राप्त समिति" भन्नाले खानेपानी सेवा प्रदान गर्ने सङ्गठित समिति सम्झनु पर्छ।



लेटाङ नगरपालिका, मोरङ

(ग) "आयोजना" भन्नाले खानेपानी सेवा प्रदान गर्न भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धि अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी सेवा उपयोग गने व्यक्ति, संस्था/ समिति वा निकाय सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले यो ऐन अनुसार गठन भएको समुदायको सामुहिक हितका लागि खानेपानी सेवा सञ्चालन गर्ने सामुदायिक समिति र सेवा प्रदायक संस्था लाई सम्झनु पर्छ ।

(च) "खानेपानी" भन्नाले मानव तथा पशुस्वास्थ्यको लागि हानिकारक तत्व नभएको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड बमोजिमको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ ।

(छ) "खानेपानी उपभोक्ता समिति" भन्नाले खानेपानी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता समितिको रुपमा रहेको सामुदायिक समितिको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई सम्झनु पर्छ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत सम्झनु पर्छ।

(झ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले थोक, टयाङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत सम्झनु पर्छ।

(ञ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्छ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी

समेतलाई सम्झनु पर्छ।

(ट) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्छ ।

(ठ) "ठूला संरचना" भन्नाले खानेपानी उपभोक्ता समितिमा निर्माण हुने वा भएका संरचनाहरु जस्तैः ओभरहेड टैंक, प्रशासनिक भवनलाई सम्झनु पर्छ ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ढ) "पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, ढुङ्गे धारा, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(ण) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेश सरकारलाई सम्झनु पर्छ ।

(त) "शुल्क" भन्नाले खाने सेवा प्रदायकले उपभोक्तालाई खानेपानी सेवा उपलव्ध गराए बापत उपभोक्ताबाट लिने खानेपानी महसुललाई सम्झनु पर्छ।

थ) "संगठित संस्था" भन्नाले खानेपानी सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका खानेपानी उपभोक्ता समिति, खानेपानी सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य समिति वा सेवा प्रदायक संस्था समेतलाई सम्झनु पर्छ।

(द) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ र सो शब्दले खानेपानी सेवासँग आवद्ध र प्रणालीमा योगदान दिन सक्ने घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत सम्झनु पर्छ।

(ध) "सेवा प्रदायक संस्था" भन्नाले खानेपानी सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी सेवा उपलब्ध गराउने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समिति, संस्था, नीजि क्षेत्र, गैर सरकारी संस्थालाई सम्झनु पर्छ।

(न) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समितिले खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने उपभोक्ता रहेको क्षेत्र र अनुमतिपत्रमा तोकिएको क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद २

## खानेपानीको अधिकार र स्रोत सम्बन्धि व्यवस्था

३. खानेपानी पहुँचको अधिकार:(१) यस नगरपालिकामा रहेका प्रत्येक नागरिकलाई बिना भेदभाव खानेपानी सेवामा सहज र सुलभ पहुँचको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानीमा पहुँचको अधिकार अन्तर्गत यस लेटाङ नगरपालिकाभित्रका प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ;

(क) उपभोक्ता समिति स्थापना गर्ने अधिकार,

(ख) खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ग) नियमित रुपमा पर्याप्त खानेपानी प्राप्त गर्ने अधिकार,

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन, परिपूर्ति र कार्यान्वयनका गर्ने जिम्मेवारी नगरपालिका र सम्वन्धित उपभोक्ता समितिको हुनेछ। यसका लागि नगरपालिका र सम्बन्धित उपभोक्ता समितिले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछ।

४. पानीको स्रोतमा अधिकार: लेटाङ नगरपालिका भित्र रहेका पानीको स्रोतलाई देहाय अनुसार प्रयोग गरिनेछ।

(१) लेटाङ नगरपालिका भित्र पानीको स्रोत उपभोग गर्दा खानेपानी तथा घरेलु

उपयोगलाई पहिलो प्राथमिकतामा दिईनेछ ।

(२) कुनै ब्यक्ति वा समुदायले परम्परागत रुपमा घरेलु प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीमा सोही प्रयोजन लागि त्यस्तो ब्यक्ति वा समुदायलाई प्राथमिकता रहनेछ ।

(३) कुनै खानेपानी प्रणालीबाट कुनै व्यक्ती, बस्ती, समुदाय, विधालय, अस्पताल, मठ, धार्मिक स्थल जस्ता सामाजिक संस्थाका लागि उपलब्ध भएको खानेपानी सेवा अर्को बैकल्पिक व्यवस्था नभएसम्म सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार त्यस्तो ब्यक्ती, बस्ती, समुदाय, बिधालय, अस्पताल, मठ धार्मिक स्थल जस्ता सामाजिक संस्थाको हकमा सुरक्षित रहनेछ।

५. पानीको स्रोत तथा मुहानको संरक्षण: (१) पानीको मुहान तथा स्रोतको संरक्षण गर्नु सबै नागरिक, उपभोक्ता समिति तथा नगरपालिकाको कर्तब्य हुनेछ। पानीको स्रोत तथा मुहान संरक्षणका लागि यस नगरपालिकाले संघीय सरकार, प्रदेश सरकार, उपभोक्ता समिति, तथा सरोकारबालाहरुसँगको समन्वयमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) पानीको मुहान क्षेत्रको राइट अफ वे तोक्ने। यसरी तोकेको क्षेत्रमा प्रचलित कानुन बमोजिम मुहान संरक्षण विरुद्ध हुने कृयाकलापहरु रोक्ने।

(ख) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरोको नियन्त्रण गर्ने,

(ग) पानीको स्रोतलाई प्रदषित हुन नदिन आवश्यक प्रबन्ध गर्ने र स्रोतहरुलाई नष्ट वा लोप हुनबाट बचाउने,

(घ) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त उपायहरू अवलम्बन गर्ने तथा नियमित रूपमा मर्मत सम्भार गर्ने,

(ङ) पानीको संरक्षण, सम्वर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(च)पानीको स्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल वा वहाव क्षेत्रमा संरक्षण गर्न

प्रोत्साहित गर्ने,

(छ) खानेपानीको मूल वा वहाव क्षेत्र वा सो क्षेत्रका प्राणीहरुमा प्रतिकुल असर पर्नेगरी बिषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने र

(ज)खानेपानीको स्रोत र मुहान संरक्षण सम्वन्धि अन्य कार्य गर्ने।

६. नागरिकको कर्तव्यः (१) पानीको मूल वा मूहान सफा राख्नु, संरक्षण,सम्वर्धन गर्नु र दिगो उपयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

**७. खानेपानी सेवाको संचालन तथा व्यवस्थापनः खानेपानी सेवाको सञ्चालन र व्यवस्थापन गर्न नगरपालिकाले देहायको व्यवस्था गर्नेछ।**

१) लेटाङ नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेर स्वच्छ तथा गुणस्तरीय खानेपानी सेवाको संचालन तथा ब्यवस्थापन गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको सेवा संचालन तथा ब्यवस्थापन गर्दा लेटाङ नगरपालिका आफैले वा संगठित संस्था मार्फत गराउन सक्नेछ। यसरी सेवा संचालन तथा व्यवस्थापन गर्दा प्रदेश सरकार वा संघीय सरकारसँग समन्वय गर्न आवश्यक भएमा समन्वय गर्नु पर्नेछ ।

३) अनुमति प्राप्त संगठित संस्थाले अनुमतिपत्रमा तोकिएको खानेपानी क्षेत्रभित्र खानेपानी प्रणालीबाट तोकिएको परिमाणमा नियमित रुपमा खानेपानी सेवा उपलब्ध गराउनु पर्नेछ।

४) अनुमति प्राप्त संगठित संस्थाले उपदफा (३) बमोजिम नियमित रुपमा खानेपानी बितरण गर्न नसकेमा ट्याङ्कर वा अन्य बैकल्पिक ब्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपभोक्तालाई उपलब्ध गराउनु पर्नेछ।

५) अनुमति प्राप्त संगठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफुले उपलब्ध गराएको समयतालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन।

लेटाङ नगरपालिका, मोरङ

## परिच्छेद ३

## खानेपानी व्यवस्थापनको जिम्मेवारी तथा दायित्व

८. खानेपानी व्यवस्थापनको जिम्मेवारी तथा दायित्वः (१) खानेपानी सेवा सम्वन्धी आयोजनाको अनुमति, निर्माण तथा व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिका, प्रदेश सरकार र नेपाल सरकारको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि नगरपालिकाको जिम्मेवारी र दायित्व देहाय बमोजिम रहनेछ।

क) नगरपालिका क्षेत्रमा आधारभुत खानेपानी सेवा संचालन,अनुगमन तथा मूल्याकन,

ख) फोहोर पानी प्रशोधन, व्यवस्थापन प्रणाली विकास र संचालन,

ग) स्थानीय तहको क्षेत्रभित्र पर्ने खानेपानी आयोजना विकास, संचालन र खानेपानी सेवाको वितरण,

घ) नगरपालिकाबाट संचालित खानेपानी आयोजनाको मर्मत सम्भार,पून:स्थापना र दिगोपना सम्वन्धी कार्य,

ङ) स्थानीय खानेपानी प्रणालीको विकास

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि नागरिकका लागि अत्यावश्यक खानेपानी आयोजनाका लागि बढी लागत वा विशेष प्राविधिक दक्षता आवश्यक पर्ने, भौगोलिक जटिलता र दक्ष जनशक्तिका अभावमा नगरपालिकाले कुनै पनि आयोजना सम्पन्न गर्न नसक्ने भनि निर्णय गरेमा त्यस्ता आयोजना कार्यान्वयनका लागि प्रदेश र नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) नगरपालिका भित्र अनुमति प्राप्त गरी वा प्रचलित कानुन बमोजिम स्थापना भएका उपभोक्ता समितिलाई प्राविधिक र आर्थिक सहायता प्रदान गर्न सक्नेछ।

(५) नगरपालिका क्षेत्र भित्रको खानेपानीको नियमन गर्ने अधिकार लेटाङ नगरपालिकालाई हुनेछ।

९. पहुँच पुगेको मानिने: (१) नगरपालिकाभित्र देहायको अवस्थामा खानेपानीको पहुँच पुगेको मानिनेछ ।

(क) धारा सम्म पुग्न पार गर्नु पर्ने तेर्सो र ठाडो दुरी क्रमश: १५० मिटर र ५० मिटर भन्दा बढी नहुने वा सबै परिवारहरु १५ मिनेट सम्मको आतेजाते दुरी भित्रबाट पानी ल्याउन सक्षम हुनु पर्ने ।

(ख) सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच भएको हुनुपर्ने ।

(२) उपदफा (१) को अवस्थालाई न्यूनतम् मापदण्डको रुपमा लिई नगरपालिकाले एक घर एक धारा प्रणालीलाई अवलम्बन गर्दै जानेछ र खानेपानी सेवाको सुनिश्चिता गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खानेपानीका राष्ट्रिय मापदण्डको अधिन रहि नगरपालिकाले स्थानीय सूचकहरु तोक्न सक्नेछ ।

१०. सुरक्षित खानेपानी युक्त समुदाय घोषणा: (१) देहायको समुदायलाई सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्न सकिने छ ।

(क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको अवस्था,

(ख) दफा २६ बमोजिमको न्यूनतम् राष्ट्रिय मापदण्ड पुरा गरेको,

(ग) पाईप प्रणालीको धाराबाट जनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने इ–कोली र आर्सेनिक र फ्लोरिन जस्ता रसायनहरुका सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार भएको) खानेपानीको सुविधा प्राप्त गरेको,

(घ) पाइप प्रणाली नभएको अवस्थामा संरक्षित पानीका स्रोत (इनार, कुवा, खोला, ट्यूबेल आदि) बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी गुणस्तर युक्त पानी उपभोग गर्ने गरेको,

(२) सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्नका लागि कार्यपालिकाले मापदण्ड, कार्यबिधि

तथा अनुगमन निर्देशिका बनाई कायान्वयन गर्न सक्नेछ ।

## परिच्छेद ४

## समिति गठन एवम् काम, कर्तव्य र अधिकार

११. समन्वय समिति गठन: (१) नगरपालिका क्षेत्रमा स्वच्छ खानेपानी दिगो व्यवस्थापन गर्न, नगरस्तरमा देहायको एक खानेपानी स्थानीय समन्वय समिति रहनेछ,

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) खानेपानी हेर्ने गरि तोकिएको कार्यपालिकाको विषयगत समिति संयोजक – सदस्य

(ङ) खानेपानी उपभोक्ता समितिका अध्यक्षहरू मध्ये उपभोक्ता समितिका अध्यक्षहरू मध्ये समितिले मनोनित गरेको २ जना - सदस्य

(च) नगरस्तरी खानेपानी उपभोक्ता संघ/महासंघको अध्यक्ष – सदस्य

(छ) खानेपानीको क्षेत्रमा ५ वर्ष भन्दा बढी काम गरेका व्यक्ति मध्ये समितिले मनोनित गरेको खानेपानीको विज्ञ १ जना - सदस्य

(ज) नगरपालिकाको खानेपानी हेर्ने शाखा प्रमुख – सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) अनुसार गठित समितिको मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

क) कुनै सदस्यको पदावधि नसकिदै कुनै पद रिक्त भएमा जुन समूह र प्रकृयाबाट पदपूर्ति भएको हो सोही प्रकृया अनुसार बाँकी अवधिको लागि मात्र पदपूर्ति गरिनेछ।

(४) सदस्यको लागि चाहिने योग्यताः क) लेटाङ नगरपालिकाको नागरिक, कुनै

लेटाङ नगरपालिका, मोरङ

कानुनले समितिमा रहन अयोग्य नभएको, खानेपानीको क्षेत्रमा ५ वर्षको अनुभव भएको, समाजसेवाको भावना भएको हुनुपर्नेछ।

(५) नगरस्तरीय खानेपानी समन्वय समितिको सचिवालय नगरपालिकामा रहनेछ। समितिले बैठकको कार्यविधि आफै निर्धारण गरे बमोजिम हुनेछ । बैठक आवश्यकता अनुसार बस्नेछ।

१२. सदस्यको पद रिक्त हुने अवस्थाः (१) समितिमा मनोनित सदस्यको पद देहायको अवस्थामा रिक्त रहेको मानिनेछः

क) अध्यक्ष समक्ष लिखित राजीनामा दिएमा,

ख) पदावधि समाप्त भएमा,

ग) कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

घ) सरकारी बाँकी तिर्नु पर्ने भनि सम्बन्धित संस्थाबाट सूचना जारी भएमा,

ङ) मनोनयन भएको समूहको पदमा जुनसुकै कारण पदबहाल नरहेमा

च) मृत्यु भएमा

छ) विना सूचना लगातार तीन वटा बैठकमा अनुपस्थित रहेमा,

१३. समन्वय समितिको काम कर्तव्य अधिकारः (१) नगरपालिका स्तरीय खानेपानी समन्वय समितिको काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहनेछन् ।

(क) खानेपानी सम्बन्धि नगरस्तरीय नीति, योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिने,

(ख) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समीक्षा गरी समयानुकुल संशोधन लागि सुझाव पेश गर्ने,

(ग) नगरपालिकाको लागि आवश्यक पर्ने नीति तथा नियमहरुको मस्यौदा तयार गर्ने,

(घ) नगरपालिकाको खानेपानी योजनाको कार्यान्वयमा योगदान गर्ने,

(ङ) खानेपानी योजना कार्यन्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(च) नगरस्तरीय खानेपानी प्रणाली सम्बन्धि सूचना प्रणालीको स्थापना र कार्यान्वयन

गर्ने,

(छ) खानेपानी उपभोक्ता समितिहरुलाई पुरस्कार र जरिवाना गर्न सिफारिस गर्ने,

(ज) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

१४. वडा स्तरीय खानेपानी समन्वय समिति: (१) नगरपालिकाले वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा बढीमा ७ सदस्यीय वडा समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिका सदस्य तथा पदाधिकारीहरु वडा समितिले तोके बमोजिम हुनेछन् ।

(३) वडा सचिबले समितिको सदस्य सचिबको रुपमा काम गर्नेछन् ।

(४) वडास्तरीय खानेपानी समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. खानेपानी शाखाको व्यवस्था: (१) नगर कार्यपालिकाले नगरपालिका स्तरीय समन्वय समितिका निर्णयहरु कार्यान्वयन गर्ने,खानेपानी र सरसफाई तथा स्वच्छता सम्बन्धी काम गर्ने शाखाको रूपमा नगरपालिकामा खानेपानी उपशाखा वा शाखा तोक्न सक्नेछ ।

(२) नगरकार्यपालिकाको प्राविधिक कर्मचारी शाखा वा उपशाखाको प्रमुख रहनेछन् ।

१६. शाखाको भूमिका तथा जिम्वारी: शाखाको भुमिका तथा जिम्वारी देहाय बमोजिम रहनेछ ।

(क) समितिको निर्णय र सम्पूर्ण अभिलेख राख्ने सचिवालयको काम गर्ने,

(ख) निर्णय कार्यान्वयनका लागि समन्वय गर्ने,

(ग) उपभोक्ता समितिहरूसँग समन्वय गरी अभिलेख राख्ने।

(घ) सेवा प्रदायकहरु, स्वयंसेवकहरु, वाल क्लवहरु, आमा समूहहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमनको व्यवस्थापन गर्ने,

(ङ) सूचना प्रणालीको अध्यवधिक गर्ने र निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई उपलव्ध गराउने,

(च) खानेपानी उपभोक्ता समिति गठन, पुनर्गठन, नगरकार्यपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(छ) सबै खानेपानी उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा प्राविधिक र अन्य सहयोग गर्ने,

(ज) उत्कृष्ट खानेपानी योजनाहरु छनौट गरी पुरस्कृत गर्न नगर समितिमा पेश गर्ने,

(झ) विद्यमान खानेपानी योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(ञ) खानेपानी र सरसफाइ (WASH) क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ट) आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

(ठ) समितिले तोके बमोजिम खानेपानी योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने,

## परिच्छेद ५

## खानेपानी सेवा सञ्चालन सम्बन्धि व्यवस्था

१७. खानेपानी सेवा सञ्चालन :(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र खानेपानी सेवा सञ्चालन आफैले वा सञ्चालन अनुमति प्रदान गरि उपभोक्ता समिति, निजी क्षेत्रसँगको साझेदारीमा सार्वजनिक नीजि साझेदारी ढाँचामा सञ्चालन गर्न सक्नेछ।

(२) कसैले नगरपालिकाको अधिकार क्षेत्रमा पर्ने खानेपानी सेवा प्रदान गर्न, आयोजना सर्भेक्षण, निर्माण र सञ्चालन व्यवस्थापन गर्न चाहेमा कुनै पानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको काम गर्न अनुमति लिनु पर्ने छैन;

क) उपभोक्ता समितिले उपयोग गर्न तोकिएको आयोजनामा उपभोक्ता समितिले काम गर्न,

ख) आफ्नो भोगाधिकारको जग्गामा रहेको स्रोत वा परम्परादेखि प्रयोग गर्दै आएको स्रोत व्यक्तिगत रूपमा आफ्नो घर, जग्गा र सरसफाईमा मात्र प्रयोग गर्न,

ग) यो ऐन प्रारम्भ हुनुपूर्व प्रचलित कानुन बमोजिम दर्ता भएका संस्था वा समिति र समूह,

घ) निजि जग्गामा रहेको पानीको स्रोतको घरेलु उपयोगका लागि मात्र प्रयोग गर्न,

(४) उपदफा (२) अनुसार अनुमति लिन निवेदन पेश भएका नगरपालिकाले छानबिन गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने प्राविधिक, सामाजिक र आर्थिक रूपले उपयुक्त आयोजना सर्भेक्षण, सञ्चालन अनुमति दिनु पर्नेछ।

यस दफा अनुसार सर्भेक्षण अनुमति पाएको मितिले १ वर्षभित्र सर्भेक्षण र ३ वर्षभित्र सञ्चालनको काम सम्पन्न नगर्ने आयोजनाको अनुमतिपत्र स्वतः रद्ध हुनेछ तर प्रकोपको कारण निर्माण भएका संरचनाहरूमा ठूलो क्षति भएमा प्राविधिक प्रतिवेदनको आधारमा १ वर्ष सम्म समयावधि थप गर्न सकिनेछ।

(५) सार्वजनिक निजी साझेदारीमार्फत सञ्चालन गर्दा कार्यपालिकाले तोकेको विस्तृत संझौंता पत्रमा उल्लेख गरिएको शर्त मापदण्डको अधिनमा रही सञ्चालन व्यवस्थापन गर्नुपर्नेछ।

(६) कार्यपालिकाले उपदफा (१) र (२) अनुसार अनुमति वा संझौंता गर्नु पूर्व प्रचलित कानुनले तोकेको वातावरणीय अध्ययन वा अन्य प्राविधिक अध्ययन गराई प्राविधिक पक्ष सुनिश्चित गराउनु पर्नेछ।

(७) न्यूनतम र अधिकतम शुल्क सीमा, पूर्वाधार विकास, लगानी, वितरण प्रणाली सम्बन्धि संझौंता पत्रमा उल्लेख गर्नुपर्नेछ।

१८. उपभोक्ता समिति दर्ता गर्न सकिने: (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि समितिगत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी

सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी उपभोक्ता समिति गठन गर्न सक्नेछन् ।

(२) खानेपानी उपभोक्ता समिति गठन नभएका क्षेत्रमा नगरपालिकाले उपभोक्ता समिति गठनका लागि आवश्यक सहयोग गर्न सक्नेछ ।

(३) प्रचलित कानुन बमोजिम नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने खानेपानी उपभोक्ता समिति गठन भएमा उपभोक्ता समितिको विधान सहित उपभोक्ता समिति दर्ताका लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता समिति दर्ता गर्न वातावरणीय,सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा खानेपानी शाखाको सिफारिसमा तोकिएको राजश्व लिई प्रमुख प्रशासकीय अधिकृतले विधान स्वीकृत गरी उपभोक्ता समिति दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

तर दफा २० बमोजिमको व्यवस्था विधानमा प्रस्ताव नभएमा विधान स्वीकृत गर्न सकिनेछैन।

(५) यो ऐन लागु हुनुपूर्व प्रचलित कानुन बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी उपभोक्ता समिति/समूह यो ऐन लागु भए पश्चात् यस नगरपालिकामा आफ्नो विधान, दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. को प्रमाणपत्र, प्रचलित कानुन अनुसार कर चुक्ता र अन्तिम लेखा परीक्षण प्रतिवेदन पेश गरी उपभोक्ता समिति सूचीकृत हुनु पर्नेछ । तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता समिति सरह दर्ता गर्नुपर्ने छैन।

(६) नगरपालिकामा दर्ता भएका खानेपानी उपभोक्ता समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

१९. उपभोक्ता समितिको कार्यसमिति : (१) खानेपानी उपभोक्ता समितिको कार्यसमिति कम्तिमा सात र बढीमा २१ सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता समितिको कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिला पदाधिकारी हुनु पर्नेछ ।

(३) खानेपानी उपभोक्ता समितिको कार्यसमतिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा क्रमशः दुई कार्यकालमात्र काम गर्न पाउने छ। तर यस प्रयोजनका लागि कुनै अध्यक्षको कार्यकाल क्रमशः नभएमा पुनः थप कार्यकाल अध्यक्षको रुपमा रहन सक्नेछ ।

(४) कार्यसमितिको चयन सम्बन्धि व्यवस्था उपभोक्ता समितिको विधानमा तोकेबमोजिम हुनेछ।

२०. उपभोक्ता समितिको विधान : उपभोक्ता समितिको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता समितिको नाम, ठेगाना, कार्यक्षेत्र र पानीको स्रोत

(ख) उपभोक्ता समितिको उद्देश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्य शुल्क, सदस्यता नहरने व्यवस्था आदि)

(घ) अधिवेशन र वार्षिक साधारण सभा तथा अधिवेशन र साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरु

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) समितिको जवाफदेहिता

(झ) उपभोक्ता समितिको कोष, आर्थिक स्रोत तथा चल अचल सम्पत्ति व्यवस्थापन, सामाजिक परीक्षण, लेखा परीक्षण

(ञ) समिति छनोट वा निर्वाचन सम्बन्धि व्यवस्था

(ट) विविध (विधान संशोधन, समिति विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

२१. अनुमति वा दर्ता खारेज गर्नेः (१) अनुमति वा दर्ता गरेका वा सञ्चालनमा रहेको उपभोक्ता समिति वा सेवा प्रदायकलाई देहायको अवस्थामा अनुमति वा दर्ता खारेज गरिनेछ।

क) सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा,

ख) नियमित रूपमा खानेपानी वितरण नगरेमा,

ग) उपभोक्ताको माग र आवश्यकता अनुसारको न्यूनतम खानेपानी आपूर्ति गर्न नसकेमा,

घ) यो ऐन वा ऐन अन्तरगत बनेको नियम विपरीत कुनै काम गरेमा,

ङ) अनुमति पत्र वा संझौँतापत्रमा तोकिएको अवधिमा काम सम्पन्न गरी सेवा दिन नसकेमा

(२) उपदफा (१) बमोजिम अनुमति वा दर्ता खारेज गर्नुपूर्व तोकिएको अधिकारीले सम्बन्धित संस्था वा उपभोक्ता समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

२२. विवरण अध्याविधि गर्नेः (१) नगरपालिकाले यस परिच्छेद अनुसार दर्ता वा अनुमति प्राप्त र खारेज भएका सस्था र समितिहरूको विवरण अध्यावधिक गर्नु पर्नेछ।

२३. सम्पति हस्तान्तरण र सुरक्षाः (१) उपभोक्ता समिति वा संस्थाबाट कुनै कारणबाट हस्तान्तरण वा प्राप्त हुने सम्पतिको सुरक्षा प्रयोग मर्मत संम्भार नगरपालिकाले गर्नुपर्नेछ। यस दफा अनुसार प्राप्त सम्पतिको अभिलेख राख्नुपर्नेछ।

## परिच्छेद ६

## खानेपानी प्रणाली र गुणस्तर सम्बन्धि व्यवस्था

२४. खानेपानी प्रणालीहरुको वर्गिकरण:(१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गिकरण गरिनेछ ।

(क) सामुदायिक वा सामुहिक खानेपानी प्रणाली

(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)

(२) नगरपालिकाले सम्भव भए सम्म पाईप खानेपानी प्रणालीलाई प्रवर्द्धन गर्नेछ। यसको लागि वितरण प्रणाली विकास र सञ्चालन गर्न सम्बन्धित क्षेत्रको उपभोक्ताले लागत वा शुल्क साझेदारी गर्नुपर्नेछ। यसरी प्राप्त शुल्कको सदुपयोग गर्ने दायित्व उपभोक्ता समितको रहनेछ।

२५. स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने : (१) यस ऐन बमोजिम गठन भएका उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त गर्ने सेवाप्रदायकले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ।

(२) खानेपानीको गुणस्तर सुनिश्चितताका लागि नगरपालिका, प्रदेश र नेपाल सरकारले वर्षमा कम्तिमा ३ पटक परीक्षण गराउन सक्नेछ।

२६. गुणस्तर मापदण्ड तोक्न सक्ने :(१) खानेपानीको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तरका मापदण्ड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(२) नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही सोको गुणस्तरभन्दा न्यून नहुने गरी नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी सम्बन्धमा थप मापदण्ड तोक्न सक्नेछ।

(३) खानेपानीको राष्ट्रिय मापदण्ड पुरा भएको नभएको परीक्षण गरी पुरा भएको रहेछ भने सुरक्षित खानेपानी युक्त समुदाय घोषणाका लागि सो मापदण्ड तयारी र प्रयोग गर्न सकिन्छ।

२७. खानेपानीको गुणस्तर परीक्षण सम्बन्धि व्यवस्था: नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी गुणस्तर मापन तथा परीक्षणका लागि सम्बन्धित शाखाले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२८. खानेपानी गुणस्तर अनुगमन प्रणाली: नगरपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तरलाई अनुगमन गर्ने कार्यबिधि कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद ७

## खानेपानी सेवाको व्यवस्थापन र खानेपानी महसुल

२९. खानेपानी महसुल निर्धारण: (१) खानेपानी उपभोक्ता समितिले समूहका सदस्यलाई उपलब्ध गराउने खानेपानी सेवाको महसुल सम्बन्धित उपभोक्ता समितिको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता समितिले खानेपानी सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी पहुँचको हकसम्बन्धि मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख गरेको भए तापनि नगरकार्यपालिकाको सिफारिसमा नगर सभाले न्यूनतम र अधिकतम शुल्क निर्धारण गरेको भए सो भन्दा बढी वा कमी महसुल निर्धारण गर्न पाईनेछैन।

३०. महसुल तथा शुल्क लिन पाउने: (१) उपभोक्ता समितिको साधारण सभाले निर्धारण गरे भन्दा बढी दररेटमा महसुल तथा सेवा शुल्क लिन पाउने छैन ।

(२) खानेपानी उपभोक्ता समितिले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसके मा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउने छैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि उपभोक्ता समिति वा सेवा प्रदायक संस्थाले सम्बन्धित वडा कार्यालयले विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि कम्तिमा १ कट्ठा जग्गा आफ्नो

वा परिवारको नाममा रहेको वा परिवारको कुनै सदस्य नेपाल सरकारको संचित कोषबाट पारिश्रमिक वा लाभ लिने वा कम्तिमा मासिक १५ हजार वा वार्षिक २ लाख वरावरको आम्दानीको स्रोत भएको वा परिवारको कुनै सदस्य वैदेशिक रोजगारमा संलग्न भएको परिवार वा एकाघर परिवारको कुनै व्यक्तिको नाममा कुनै व्यवसाय सञ्चालनमा रहेको घरपरिवारको व्यक्तिलाई विपन्न भनि सिफारिस गर्न पाईनेछैन ।तर नगरपालिकाले खानेपानी सेवाका लागि धारा जडान शुल्क अनुदान दिन सक्नेछ।

३१. मिनाहा वा छुट दिन सक्ने: (१) खानेपानी सेवा प्रदायक संस्थाको साधारण सभाले तोकिएको लक्षित वर्गलाई विशेष अवधि (विपद् वा सङ्कटकाल वा विषम परिस्थिति) मा अवधि र रकम तोकी मिनाहा छुट दिन सक्नेछ। तर स्पष्ट कारण नभई छुट दिन पाईने छैन।

(२) उपदफा (१) सम्बन्धि आधार मापदण्ड समितिको विधानमा व्यवस्था गर्नुपर्नेछ।

३२. असुल उपर गर्ने: (१) यस ऐन बमोजिम खानेपानी सेवा उपयोग गरे बापतको महसुल तथा जरिवाना वापतको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित सेवा प्रदायक संस्थाले त्यस्तो रकम प्रचलित कानुन बमोजिम असुल उपर गर्न सक्नेछ।

३३. खानेपानी सेवाको व्यवस्थापन: (१) नगरपालिकाले सेवा प्रदायक मार्फत उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग, सार्वजनिक उपयोग र सरकारी उपयोग लागि आवश्यक व्यवस्था गरेर मात्र व्यवसायिक, व्यपारिक र औधोगिक प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ ।

(३) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(४) खानेपानीमा सेवाको नियमित मर्मत सम्भारको जिम्वारी सम्बन्धित उपभोक्ता

समितिको हुनेछ ।

(५) उपभोक्ता समितिबाट तत्काल मर्मत सम्भार गर्न नसक्ने मनासिव कारण देखाई उपभोक्ता समितिले नगरपालिकामा मर्मत सम्भारका लागि अनुरोध गरेमा नगरपालिकाबाट तत्काल प्राबिधिक टोली पठाई आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेछ।

(६) खानेपानी सेवाको व्यवस्थापन सम्बन्धि व्यवस्था उपभोक्ता समितिको विधानमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ८

## पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धि व्यवस्था

३४. पूर्वाधारको निर्माण वर्गिकरण:(१) नगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वीत घरधुरीका आधारमा देहाय बमोजिम वर्गिकरण गर्नुपर्नेछ ।

(क) ठुला आयोजना: १००० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजना,

(ख) मझौला आयोजना: १०० देखि १००० घर परिवार लाभान्वीत हुने आयोजनालाई मझौला आयोजना,

(ग) साना आयोजनाः १०० भन्दा कम घर परिवार लाभान्वीत भएको आयोजनालाई साना तथा सामान्य आयोजना,

३५.आयोजना निर्माण लगानी परिचालनः (१) साना आयोजनाहरु निर्माणका लागि नगरपालिका आफै र मझौला तथा ठूला आयोजनाको निर्माणका लागि बिस्तृत आयोजना प्रतिवेदन सहित नेपाल सरकार, प्रदेश सरकार र स्वदेशी लगानीकर्ता र सहयोगी निकायमा पेश गर्न सक्नेछ।

(२) उपदफा (१) मा जे सुकै लेखिएको भएता पनि साना आयोजना निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकार र नेपाल सरकारमार्फत विकास साझेदार निकायलाई कार्य गर्न बाधा पर्नेछैन ।

(३) आयोजनाको नियमित मर्मत सम्भार उपभोक्ता समिति आफैले गर्ने व्यवस्था गर्नुपर्नेछ। यस कार्यको लागि दफा ३७ बमोजिम मर्मत कोषको अनिवार्य व्यवस्था गर्नु पर्नेछ।

३६. समुदायको योगदान सम्बन्धि व्यवस्था: (१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले देहायका कार्यमा कुल लागतको न्यूनतम १० प्रतिशत लागत सहभागिता वा जनश्रमदान गर्नुपर्नेछ ।

(क) गैर स्थानीय निर्माण समाग्री मोटर नआउने स्थानबाट ढुवानी,

(ख) स्थानीय सामाग्री सङ्कलन तथा ढुवानी

(ग) पाईपलाईन खनाई तथा पुर्ने

(घ) अन्य अदक्ष कामदार सरहको कार्य

(२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वीत घर परिवारलाई समुदायले नै विभाजन गरी श्रमदानका लागि परिचालन गर्नुपर्नेछ ।

(३) श्रमदान गर्नुपर्ने आयोजनामा श्रमदान गर्न असमर्थ (अपांगता भएका व्यक्ति, बालबालिका, बृद्धबृद्धा, दिर्घरोगी, मानसिक विरामी आदि) ले श्रमदान गर्न पर्नेछैन।

(४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसकेमा वा नचाहेमा सो बराबरको नगद रकम उपभोक्ता समितिलाई बुझाउनु पर्नेछ।

(५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारा सम्मको पाइप लाईन खनाई, १०० मिटर भन्दा बढी थप पाइप लाग्ने भएमा त्यसरी थप लाग्ने पाइप, मिटर, धारामा लाग्ने जि. आई पाइप र टुटी लगाएतका सामाग्रीहरु सम्बन्धित घरधनीले नै व्यवस्था गर्नु पर्नेछ।

३७. उपभोक्ता समितिको मर्मत सम्भार तथा व्यवस्थापन कोष रहने : (१) उपभोक्ता समितिको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी सेवा शुल्क, नगरपालिका र विभिन्न निकाय तथा संघ, प्रदेश, संघ संस्था वा समितिबाट प्राप्त रकम र

लेटाङ नगरपालिका, मोरङ

कानुन बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ।

(२) उपभोक्ता समितिले खानेपानी सम्बन्धि आयोजना मर्मत विस्तार, सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिका र विभिन्न सरकारी निकाय तथा नेपाल सरकारको अनुमति प्राप्त गैरसरकारी संघ संस्थाबाट सहयोग प्राप्त गर्न सक्नेछन्।

## परिच्छेद ७

## अनुमतिपत्र सम्बन्धि व्यवस्था

३८. अनुमतिपत्र लिनुपर्ने: (१) यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने कुनै क्षेत्रमा कुनै उद्योग वा कम्पनिले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोत व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम नगर कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता समितिले खानेपानी आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिले दर्ता भएपछि खानेपानी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(३) यस नगरपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा नगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप स्पष्ट हुन आवश्यक देखिएमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले आवश्यक कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ।

३९. अनुमतिपत्र दिनुपर्ने: (१) दफा ३८ बमोजिम परेको निवेदनमा नगरपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने र अनुमतिपत्र दिन उपयुक्त देखेमा खानेपानी स्थानीय समितिको सिफारीसमा कार्यपालिकाले निर्णय गरी त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानुन बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा सर्भेक्षण गर्न बढीमा १ वर्ष,

(३) निर्माण, सञ्चालन र व्यवस्थापन गर्न बढीमा ३ वर्षको अनुमति दिनुपर्नेछ।

सो अवधि पश्चात् कुनै विशेष कारण भएमा नगरपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक निर्माण, सञ्चालन र व्यवस्थापन गर्न मात्र २ वर्ष थप गरी अनुमतिपत्र नवीकरण गर्न सक्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्रमा यस ऐन तथा प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ।

(५) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित सस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चलन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

४०. अनुमतिपत्र प्रदान नगरिने : (१) यस ऐन वा प्रचलित कानुन बमोजिम उपभोक्ता समितिद्वारा सामुदायिक रुपमा खानेपानी सेवा प्रदान भइहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित समितिलाई अनुमति प्रदान गरिएको क्षेत्रमा अर्को कुनैपनि संगठित समितिलाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा व्यवस्था गरिएको भए तापनि अनुमति पत्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी

सेवा आपूर्ति गर्न नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो समिति विघटन भएमा वा अनुमतिपत्र प्राप्त समितिको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को समितिलाई नया अनुमतिपत्र प्रदान गर्न सकिने छ।

(३) उपभोक्ता समितिद्वारा सामुदायिक रुपमा खानेपानी सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन।

४१. अनुमतिपत्र खारेजः (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त समितिले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी सेवा उपलब्ध नगराएमा वा खानेपानी सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा नगरपालिकाको कार्यपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना नगरेमा नगरकार्यपालिकाको कार्यालयले यस ऐन बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त समितिलाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद ८

## बिबिध

४२. कसुर र सजाय : (१)खानेपानी सम्बन्धि कसुरको निर्धारण र दण्ड सजायसम्बन्धि

व्यवस्था खानेपानी सम्बन्धि संघीय कानुनमा व्यवस्था भएको प्रक्रिया र तोकिए बमोजिम हुनेछ ।

४३. सूचना अभिलेख प्रणाली: (१) नगरपालिका क्षेत्रको खानेपानी सम्बन्धि तथ्यांक अध्यावधि गर्न सूचना प्रबिधिको प्रयोग गर्न सक्नेछ ।

(२) खानेपानी सम्बन्धि तथ्यांक अध्यावधीका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्न सकिनेछ ।

४४. योजना निर्माण: नगरपालिकाले उपभोक्ता समिति र सरोकारवाला निकाय तथा सं घ संस्थहरुसँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफनो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

४५. विवरण उपलब्ध गराउने : (१) नगरपालिकाले प्रदेश र संघीय मन्त्रालयले माग गरेको विवरण उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वीत क्षेत्र र खानेपानी प्रणालीका सम्पूर्ण विषयहरु प्रष्ट रुपमा देखिने गरी राखु पर्नेछ।

४६. पुरस्कार सम्बन्धि व्यवस्था: खानेपानी व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ, समिति वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

४७. निर्देशन दिन सक्ने: नगरपालिकाले उपभोक्ता समिति वा अन्य सेवा प्रदायक सस्थालाई खानेपानी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

४८. अधिकार प्रत्यायोजन: नगरपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृ तलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

४९. खानेपानी आयोजना र संरचनाको हस्तान्तण: (१) नगरपालिकामा नेपाल सरकार, प्रदेश

सरकार र नगरपालिकाले विकास र निर्माण गरेका खानेपानी आयोजना र सोसम्बन्धि संरचनाहरु खानेपानी उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) व्यावसायिक तथा व्यपारिक प्रयोजनका लागि सं गठित समितिले सञ्चालन गरेका खानेपानी आयोजना र सोको संरचनाहरु उक्त संगठित समितिले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिलाई हस्तान्तरण गर्न सकिने छ ।

५०. नियम बनाउने अधिकारः यो ऐन कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि,मार्गदर्शन र मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ।

५१. बचाउ तथा खारेजीः (१) यो ऐन जारी हुनु अघि सम्वन्धित ऐन कानुन अनुसार भए गरेका खानेपानी सम्बन्धि कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) यो ऐनको कुनै दफा वा खण्ड संघीय तथा प्रदेश कानुनमा गरिएका व्यवस्थासँग बाझिन गएमा बाझिएको हदसम्म संघीय कानुन लागु हुनेछ र यो ऐनका सम्बन्धित दफाहरु स्वतः निष्कृय हुनेछन्।

आज्ञाले,
नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

लेटाङ नगरपालिका, मोरङ